स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



भारतीय कमेडियन कपिल शर्माको चर्चित नेटफ्लिक्स शो 'द ग्रेट इन्डियन कपिल शो"को तेस्रो सिजन चाँडै आउँदैछ। शो को पहिलो एपिसोड अहिलेसम्म रिलिज भएको छैन, तर यससँग सम्बन्धित भिडियो क्लिप सामाजिक सञ्जालमा भाइरल भइरहेको छ। यस भिडियोमा सलमान खान पहिलो अतिथिको रूपमा स्टेजमा देखिएका छन्। कुराकानीको क्रममा सलमानले सम्बन्ध र पारपाचुकेका बारेमा आफ्नो धारणा राखेका थिए ।

**आजको विचार...**



लोकराज रेग्मी

यातायात...
*(दुई पेजमा)*



आगामी साउन २३ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'सिटामोल'को पहिलो गीत 'झुम्का कानैमा' सार्वजनिक गरिएको छ । सोमबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक उक्त गीतमा बाबुल गिरी र शान्तिश्री परियारको स्वर, बाबुल स्वयंको संगीत तथा गोविन्द भ को शब्द रचना छ । प्रेमिल भाव अभिव्यक्त यो गीतमा गायन, शब्द र संगीतको सशक्त संयोजन छ । फिल्मका मुख्य जोडी सौगात मल्ल र बेनिशा हमाल नृत्य गर्दै देखिएका छन् ।

❐ वर्ष ३० ❐ अंक ३२२ ❐ २०८२ असार ३ गते मंगलबार 17 June 2025, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### डुङ्गा डुब्दा ४८ को मृत्यु

(रासस/सिन्ह्वा)

**किन्शासा,** असार २/उत्तरपश्चिमी लोकतान्त्रिक गणतन्त्र कङ्गो (डिआरसी) को उत्तरपश्चिमी टुम्बा तालमा डुङ्गा डुब्दा कम्तीमा ४८ जनाको मृत्यु भएको डिआरसी सरकारले आइतबार जनाएको छ । बुधबार इक्वेटोर प्रान्तको बिकोरो नजिकैको घटनापछि ४६ जना यात्रुलाई उद्धार गरिएको छ भने एक सय सात जना बेपत्ता छन् । अधिकारीहरूले अहिलेसम्म ४८ वटा शव बरामद गरेको उपप्रधानमन्त्री तथा आन्तरिक तथा सुरक्षामन्त्री ज्याकमेन शाबानीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । पीडितहरू तीनवटा मोटर चालित डुङ्गामा सवार थिए । ती डुङ्गा तालमा गम्भीर मौसमका कारणले पल्टिएको विज्ञप्तिमा भनिएको छ । रिपोर्टका अनुसार मृतकको सङ्ख्या ६० भन्दा बढी हुनसक्छ । स्थानीय स्रोतलाई उद्धृत गर्दै एएफपी समाचार एजेन्सीले डङ्गामा रहेका अधिकांश यात्रुले बिकोरो क्षेत्रको गाउँको अन्त्येष्टिमा मृत महिलाको शव बोक्दै गर्दा डुङ्गाहरू सम्भवत: ओभरलोड भएका थिए । परिस्थितिको आकलन गर्न र मानवीय सहायताको समन्वय गर्न बिकोरोमा एक अन्तर-मन्त्रालय मिसन पठाइएको पनि विज्ञप्तिमा उल्लेख छ । यस्तै त्रासदीहरू रोक्न, प्रकोप रोकथाम संयन्त्रलाई सुदृढ पार्न र समुदायको लचिलोपन बढाउन निरन्तर प्रयास गर्न आह्वान गरिएको छ ।

## लुम्बिनी प्रदेशको बजेट

# कृषि, उद्योग र पर्यटन उच्च प्रथामिकतामा

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असार २/कृषि, उद्योग र पर्यटन उच्च प्रथामिकतामालुम्बिनी प्रदेश सरकारले कृषि, उद्योग र पर्यटन क्षेत्रलाई उच्च प्राथमिकतामा राखेर आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट ल्याएको छ । उसले मुख्य यी तीन क्षेत्रलाई प्राथमिकतामा राखेर ३८ अर्ब ९१ करोडको बजेट ल्याएको हो । यो बजेट अघिल्लो आर्थिक वर्षको तुलनामा करिब ६ करोड रुपैयाँले कम हो ।

विनियोजन बजेट मध्ये चालुतर्फ १२ अर्ब १ करोड ४७ लाख ८६ हजार अर्थात् ३० दशमलव ८८ प्रतिशत र पुँजीगततर्फ २३ अर्ब ४७ करोड १४ लाख ६५ हजार अर्थात् ६० दशमलव ३२ प्रतिशत विनियोजन भएको छ । आइतबार लुम्बिनी प्रदेशसभाको छैठौं अधिवेशनको तेह्रौं बैठकमा आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीले प्रस्तुत गरेको बजेटमा कृषि, उद्योग र पर्यटनका क्षेत्रमा




बजेटलाई प्राथमिकतामा राखिएको छ । बजेटमा कृषि र सहकारी क्षेत्रमा काम गर्नका लागि १ अर्ब ५० करोड विनियोजन गरिएको छ । कृषिको उत्पादकत्व र दीगो विकासका लागि ४ अर्ब ७२ करोड बजेट छुट्याइएको छ । कृषिलाई व्यवसायीकरण, आधुनिकीकरण र औद्योगिकीकरण गर्दै रोजगारी सिर्जना र आत्मनिर्भरता बढाउने उद्देश्य बजेटमा रहेको छ । गुणस्तरीय बीउ, बिरुवा, नश्ल र मत्स्य भुरा उत्पादनमा जोड दिँदै यस्ता कार्यमा संलग्न समूह तथा सहकारीलाई प्रोत्साहन गरिने बजेटमा उल्लेख छ । कृषि तथा पशुपन्छी व्यवसायीहरूको वित्तीय पहुँच सुनिश्चित गर्न सुलभ कर्जाको ब्याजमा अनुदानका लागि २१ करोड रुपैयाँ विनियोजन गरिएको छ । कपिलवस्तुमा बागवानी केन्द्र स्थापना गरिनेछ भने अर्घाखाँचीस्थित बाख्रा स्रोत केन्द्रको क्षेत्र विस्तार र स्तरोन्नति गरिनेछ । कृषि उत्पादनलाई पूर्ण प्राङ्गारिक उत्पादनमा रुपान्तरण गरी आगामी एक दशकमा प्रदेशलाई पूर्ण प्राङ्गारिक प्रदेश बनाइने छ । जसमा पहिलो चरणमा रुकूम (पूर्व),रोल्पा, प्युठान, गुल्मी, अर्घाखाँची र पाल्पाबाट विशेष अभियान सुरु गर्ने जसका लागि २ करोड बजेट विनियोजन गरिएको छ । सहकारी संस्थाहरूको नियमन र अनुगमनलाई प्रभावकारी बनाउँदै उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गरी स्वरोजगार सिर्जना गर्ने कार्यक्रमका लागि २ करोड रुपैयाँ छुट्याइएको छ । स्थानीय तहको समन्वयमा प्रदेश भू-उपयोग योजना कार्यान्वयन गरिनेछ भने व्यावसायिक करार खेती तथा बाँझो जमिनमा खेती गर्ने कार्यलाई प्रोत्साहित गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ ।

**-बाँकी अन्तिम पेजमा...**

## हाम्रो पहिचानमा हाम्रो गौरव

-नेपाली भाषा र संस्कृतिलाई आत्मसाथ गरौं,
-परम्परा, चाडपर्व, लोककला जोगाऔं,
-मौलिक संस्कृतिमा गर्व गरौं,
-नक्कल होइन मौलिकता अपनाऔं,
-विविधतामा एकता कायम गरौं,
-राष्ट्रको पहिचानलाई सम्मान गरौं .
'हाम्रो पहिचान, हाम्रो स्वाभिमान'




नेपाल सरकार
विज्ञापन बोर्ड

# गुल्मीमा कफीका बिरुवाको माग बढ्दो

**गुल्मी,** असार २/बर्सातको समय सुरु भएसँगै गुल्मीमा कफीका बिरुवाहरूको माग अत्यधिक बढेको छ । मुसिकोट नगरपालिका- ५ स्थित कफी विकास केन्द्र आँपचौरमा कफी नर्सरीमा उत्पादित बिरुवा किसानहरूलाई पुऱ्याउन मुस्किल भएको छ ।

कफी विकास कार्यालयले किसानको मागअनुसार कफीका बिरुवा थोरै उत्पादन भएका कारण उपलब्ध गराउन समस्या भएको कफी विकास केन्द्र आँपचौरका प्रमुख जीवन आचार्यले जानकारी दिए । मुसिकोट नगरपालिका- ५ स्थित कफी विकास केन्द्र आँपचौरमा रहेको नर्सरीबाट यस पटक किसानहरूले दुई लाख कफीका बिरुवाको माग आएको आचार्यले



बताए । कफी किसानहरूले यति धेरै बिरुवाको माग गरे पनि केन्द्रमा यस पटक ७० हजार मात्र बिरुवा उत्पादन भएको उनको भनाइ छ । कफी विकास केन्द्रले कफीका बिरुवा उत्पादन गर्नुका साथै बिक्री वितरण गर्दै आइरहेको छ । यहाँको नर्सरीमा उत्पादित बिरुवा राम्रो गुणस्तरयुक्त मानिन्छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## खडेरीविरुद्ध संघर्ष दिवसको सन्दर्भ

विश्व खडेरीविरुद्ध संघर्ष दिवस आज विभिन्न कार्यक्रम गरी मनाइँदै छ । बढ्दो मरुभूमीकरण र खडेरी विरुद्ध विश्व समुदायमै जनचेतना बढाउन र ऐक्यवद्धता कायम गर्नका लागि सन् १९९५ देखि हरेक वर्ष जुन १७ का दिन विश्व समुदायले यो दिवस मनाउँदै आएको छ । यो दिवसले खाद्य सुरक्षादेखि वातावरणीय मुद्दाहरु, भू–संरक्षण लगायत विभिन्न मुद्दामा विश्व समुदायमाझ निरन्तर सन्देश प्रवाह गर्दै आएको छ । जमिनको खण्डीकरण र मानवीय व्यवहारका कारण जलवायु परिवर्तनलाई सहयोग पुगेको छ भने, त्यसको असर प्राकृतिक सम्पदा तथा मानव समुदायमा पर्न थालेको छ । खडेरीलाई प्राकृतिक असरका रुपमा पनि व्याख्या गर्ने गरिएको छ । स्थानीय मौसममा फेरबदल हुँदा भूमिको उत्पादक क्षमता घटेर उर्वर भूमि क्रमशः अनुत्पादक हुन थालेका छन् । नेपालमा पछिल्लो समय मध्य पहाडमा खडेरीको मार बढेको छ । खडेरीकै कारण बसाई सर्नेहरुको समेत संख्या बढेको छ । यो अत्यन्त दुःखको कुरा हो ।

मानव जनसंख्याको वृद्धिसँगै पछिल्लो समयमा भूमिको असमान वितरण, खण्डीकरण, मरुभूमिकरण लगायतका कारण विश्वका अधिकांश देश खडेरीको चपेटामा पर्दै आएका छन् । नेपालमा पनि उत्तरी क्षेत्रको तुलनामा दक्षिण क्षेत्रमा थोरै मात्र पानी पर्ने गरेको छ । दक्षिण क्षेत्रमा मरुभूमीकरणको समस्या बढिरहेको छ । पहाडतिर रोपाई सकिँदा तराईमा पानी समेत नपर्ने अवस्था छ । प्राकृतिक असन्तुलनको समस्याका कारण चुनौती उत्पन्न भइरहेको छ । कही कही त गरीब किसानहरु खेतिपाति नै गर्न छाडेका छन । मानिस, जिवजन्तु, बोटविरुवा समेत प्रभावित भएका छन । अनिकाल, बसाइँ सराइ जस्ता गम्भीर समस्या खडेरीका कारणले हुने गर्दछन् । यसले मुलुकको सामाजिक, आर्थिक, साँस्कृतिक, राजनीतिक अवस्थामा पनि असर पुऱ्याउने गर्दछन् । अब वातावरण संरक्षणको क्षेत्रमा लागेका अभियन्ताहरूले खडेरी विरुद्ध विश्वलाई एकजुट हुन र सङ्घर्षका लागि आह्वान गर्न आवश्यक छ । खडेरीको समस्या आउनुको मुख्य कारणको खोजी गरी त्यसको नियन्त्रणका लागि पाइला चाल्नु नै आजको आवश्यकता हो । यो दिवसले केवल खडेरीकोमात्रै वकालत गर्ने होइन खडेरीका कारण उत्पन्न खाद्य समस्या लगायत दीर्घकालीन असरको न्यूनीकरणका लागि गर्नुपर्ने प्रयासको विषयमा समेत आवाज उठाउन जरुरी छ । यसो भयो भने मात्र हरेक वर्ष मनाइने दिवसको सान्दर्भिकता रहन्छ ।

## Opinion @ Social Network

मान्छेको व्यबहार एक पटक चिनेपछि
वादविवाद गर्ने होईन शान्त भएर पर हट्दै जाने हो ।
*(निषा कार्कीफेसबुक स्टाटसबाट https://www.facebook.com/Nisha.Karki)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# यातायात पूर्वाधार विकासमा ध्यान दिनुपर्ने कुरा



**लोकराज रेग्मी**

यातायात पूर्वाधारको विकासका लागि गुरुयोजना बनाउनुपर्ने र यसलाई आवधिक योजना अनुसार कार्यान्वयन गर्नुपर्ने कुरामा जोड दिइएको छ । संघीयतामा तीन तहका सरकारको कार्य जिम्मेवारी तोकिए पनि कार्यक्षेत्रको अतिक्रमण भइरहेको र यसले योजना कार्यान्वयनमा समस्या पारेको बताइएको छ । प्रदेश सरकारले प्रादेशिक सडक निर्माण, मर्मत, र सडक सुरक्षालाई प्राथमिकता दिनुपर्ने, साथै खरिद प्रक्रियालाई सहज बनाउनुपर्ने सुझाव दिइएको छ । यातायात पूर्वाधारको विकास नै सर्वाङ्गीण पूर्वाधारको विकास हो । यसमा कुनै द्विविधा छैन । यातायात पूर्वाधार विकासको क्रममा सर्वप्रथम त यातायात पूर्वाधार गुरुयोजना तयार गर्नुपर्छ । तयार गरिएको गुरुयोजना उपर छलफल गरी आयोजना अद्यावधि गर्नु अत्यावश्यक हुन्छ । आवधिक योजना अनुसार आयोजनाहरूका प्राथमिकताको आधारमा कार्यान्वयन गर्नु उपयुक्त हुन्छ । विकास प्रशासनमा एउटा भनाइ छ 'प्रोपर प्लानिङ इज हाफ डन' अर्थात् ठिक ढंगले योजना बनायो भने पनि आधा काम गरे बराबर हुन्छ । कार्यान्वयनयुक्त योजना बनाउन सकियो भने मात्र त्यसको प्रतिफल पाउन सकिन्छ । आर्थिक, प्राविधिक तथा सामाजिक दृष्टिकोणबाट उपयुक्त देखिएका आयोजनाहरूको प्राथमिकीकरण गरी प्रादेशिक सडक गुरुयोजना अनुसार यातायात पूर्वाधार आयोजना सञ्चालन गर्न सकिन्छ । जसबाट आयोजनाहरू गुणस्तरीय, समयभित्रै र किफायती तवरले कार्यान्वयन गरी यथोचित समयावधि भित्रै भरपर्दो यातायात सञ्चालन गरी सर्वसाधारण जनता लाभान्वित हुने गरी कार्यान्वयन गर्न सकिन्छ । अहिले आवश्यकता पनि त्यही हो ।

सरकारले सोही ढङ्गबाट आयोजनाहरू निर्माण, कार्यान्वयन र सञ्चालन गर्नुपर्दछ । नेपालमा सैंघीयताको कार्यान्वयन पश्चात् यातायात पूर्वाधार क्षेत्रमा तीनै तहका सरकारहरूको आ–आफ्ना कार्य जिम्मेवारी तोकिएको छ । जस अनुसार सैंघ (नेपाल) सरकारले राष्ट्रिय राजमार्ग, सहायक मार्ग (फिडर रोड) र धार्मिक, पर्यटकीय सडकहरूको योजना तर्जुमा र कार्यान्वयन गर्नु पर्दछ । प्रदेश सरकारले प्रादेशिक सडकहरू, स्थानीय तहका केन्द्र जोड्ने सडकहरू, प्रदेशका धार्मिक पर्यटकीय सडकहरूको योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्दछ । त्यस्तै स्थानीय सरकारबाट गाउँ/नगरका सडक, ग्रामीण सडक र सैं तथा प्रदेश सरकारको जिम्मेवारी बाहेकका अन्य यातायात पूर्वाधारहरूको विकास गर्नुपर्दछ । तर अहिले त्यसो नभई तीनै तहका सरकारबाट कार्यक्षेत्रको अतिक्रमण गर्ने कार्य भइरहेको देखिन्छ । त्यसो हुँदा कुन सरकारको जिम्मेवारी कुन सडक पूर्वाधार हो भन्ने सुनिश्चितता हुन सक्दैन र योजना कार्यान्वयनमा दोहोरोपना हुने गर्दछ । हचुवाको आधारमा बजेट विनियोजन हुन र आयोजनाहरू सम्पन्न हुने/नहुने पनि सुनिश्चित नहुँदा सर्वसाधारणले सडक पूर्वाधारको उपयोग गर्न नपाएको अवस्था छ । निर्माण सम्पन्न भएका सडक पूर्वाधारको मर्मत सम्भारको जिम्मेवारी पनि कसैले नलिने भन्ने विषय थप अन्योलग्रस्त छ । प्रदेश सरकारहरूले यातायात पूर्वाधार विकासमा अपनाउनुपर्ने रणनीति सर्वप्रथम सैंघीयताको मर्म अनुसार कुन पूर्वाधार प्रदेशको क्षेत्राधिकारमा पर्ने हो भन्ने यकिन गर्ने, यातायात पूर्वाधार सम्बन्धी गुरुयोजना (प्रादेशिक यातायात पूर्वाधार गुरुयोजना) तयार गरेर मात्र आयोजना कार्यान्वयन गर्नुपर्छ, प्रदेश सरकारले प्राथमिकताका आधारमा सर्वप्रथम प्रदेश राजधानी र सैंघ राजधानी जोड्ने सडक, जिल्ला सदरमुकामबाट स्थानीय तहहरूको केन्द्र जोड्ने सडक, स्थानीय तह केन्द्रबाट वडा केन्द्र जोड्ने सडक, नयाँ सडक निर्माण, पुनर्स्थापना, स्तरोन्नति, मर्मत सम्भार कार्य गर्नुपर्ने, स–साना टोलभित्रका योजनहरूमा प्रदेश सरकारले बजेट विनियोजन गर्न नहुने, स्थानीय तहहरूबाट कार्यान्वयन गर्नुपर्ने प्रदेश सरकारबाट कुन कुन सडक योजनाहरू आफ्नो हुन्, यकिन गरेर मात्र बजेट विनियोजन गर्नुपर्ने, व्यक्तिगत पहुँचका आधारमा टोल स्तरीय सडक आयोजनाहरूमा बजेट विनियोजन गर्न नहुने । त्यस्ता आयोजनाहरू स्थानीय तहबाटै कार्यान्वयन गर्नुपर्ने, वार्षिक विकास कार्यक्रममा आयोजनाहरू बजेटमा समावेश गर्दा सम्भाव्यता अध्ययन भइसकेका, पीटीएमपीमा परेका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्ने, पीटीएमपीमा परेका सडक मागहरूको कार्यक्रम मात्र बजेट कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नुपर्ने, सम्भाव्यता अध्ययन भई बीईएस, आइई, ईआइए गरिएका सडक आयोजनाहरू मात्र वार्षिक कार्यक्रम समावेश गरी उक्त कार्यक्रमहरूको बहुवर्षीय खरिद गुरुयोजना स्वीकृत गरी सोही बमोजिम तोकिएको अवधिभित्र सम्पन्न गर्ने गरी पर्याप्त बजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्छ, स–साना, टुक्रे, टोलस्तरीय आयोजनाहरू प्रदेश सरकारबाट कार्यान्वयन नगरी स्थानीय तहलाई सशर्त मार्फत अनुदानमा बजेट दिएर काम गर्नुपर्छ, सडक मर्मत सम्भारमा पर्याप्त बजेट विनियोजन गरी योजनाबद्ध रूपमा काम गर्नुपर्छ । जसबाट लाइफ साइकल कष्ट कम हुन्छ । सडक सुरक्षाको क्रियाकलापका लागि पर्याप्त मात्रामा बजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्छ । जसले सडक दुर्घटना न्यून भई धनजनको क्षति कम हुन्छ । आयोजना सञ्चालनका लागि खरिद प्रक्रिया सहज बनाउनुपर्छ । साथै वैज्ञानिक रूपबाट ठेक्का स्वीकृत गरी सार्वजनिक खरिद ऐन, नियमावली र निर्देशिका परिमार्जन गर्नुपर्छ । सम्बन्धित कार्यालयलाई जिम्मेवार बनाइ वार्षिक कार्यक्रममा परेका आयोजनामा कार्यालयभित्र रकमान्तर/स्रोतान्तर गर्ने सक्ने गरी कानुनी व्यवस्था मिलाउनुपर्छ । सकेसम्म बहुवर्षीय आयोजनामात्र सञ्चालन गर्नुपर्छ । आयोजनाहरूको सम्भाव्यता अध्ययन सकेर मात्र ठेक्का प्रक्रियामा जाने व्यवस्था मिलाउनु पर्छ । बहुवर्षीय आयोजनहरूमा खरिद योजना अनुसार आवश्यक बजेट विनियोजन अनिवार्य रूपमा गर्नुपर्ने अन्तर कार्यालय रकमान्तर/स्रोतान्तर गर्ने मन्त्रालय/निर्देशनालयमा प्रत्यायोजन हुनुपर्ने र समयमै रकमान्तर/स्रोतान्तर गरिदिनुपर्ने प्रत्येक कार्यालयमा आयोजना संख्या र बजेटका आधारमा पर्याप्त प्राविधिक जनशक्ति स्रोत, साधनको व्यवस्था हुनुपर्छ । साथै क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनुपर्छ । निर्माण सामग्री परीक्षण प्रयोगशाला आवश्यक सम्पूर्ण उपकरण र जन शक्तिसहित प्रत्येक कार्यालयहरूमा स्थापना गर्नुपर्छ । अनुगमन र मूल्यांकन मन्त्रालय/निर्देशनालयबाट कम अन्तरालमै गर्नुपर्छ । ताकि पृष्ठपोषणबाट समयमा नै त्रुटि सुधार गर्न सकियोस् । निर्माण व्यवसायी र कार्यालयको सुपरभिजन गर्ने कर्मचारीहरू कार्यालयमा पर्याप्त राखिनुपर्छ । साथै उनीहरूलाई तालिमको व्यवस्था गरिनुपर्छ । आवश्यक जग्गा प्राप्ति, बीइएस, आइई, इआइए अगाडि सम्पन्न गरी बजेट विनियोजन गर्नुपर्छ र ठेक्का प्रक्रिया सुरु गर्नुपर्छ । जसका कारण निर्माण कार्य समयसीमा र सम्झौता रकमभित्र अनिवार्य रूपमा गर्न सकिन्छ । थप आर्थिक दायित्व र म्याद थपको प्रक्रियामा अघि बढ्न पर्दैन । मूल्य समायोजनको समस्या पनि व्यवस्थापन गर्नुपर्दैन । यसरी समग्र रूपमा भन्नु पर्दा सैं, प्रदेश र स्थानीय तहहरूले आ–आफ्ना अधिकार क्षेत्रभित्र रही यातायात पूर्वाधारहरूको सम्भाव्यता अध्ययन, वातावरणीय मूल्याङ्कन, जग्गा प्राप्ति गरेर योजना बैंक तयार गर्ने, अर्थात् यातायात गुरुयोजना तयार गरेर प्राथमिकताका आधारमा निश्चित समय सीमाभित्र आयोजना सम्पन्न गर्ने गरी पर्याप्त बजेट व्यवस्थापन, साधन स्रोत, मानव संसाधनको व्यवस्थापन गरिनुपर्छ । वार्षिक/आवधिक योजना अनुसार द्वैध स्वामित्व नहुने गरी निर्माण तथा मर्मत सम्भार गर्नुपर्छ ।

*–रातोपाटी डटकम*

> *सडक सुरक्षाको क्रियाकलापका लागि पर्याप्त मात्रामा बजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्छ । जसले सडक दुर्घटना न्यून भई धनजनको क्षति कम हुन्छ । आयोजना सञ्चालनका लागि खरिद प्रक्रिया सहज बनाउनुपर्छ । साथै वैज्ञानिक रूपबाट ठेक्का स्वीकृत गरी सार्वजनिक खरिद ऐन, नियमावली र निर्देशिका परिमार्जन गर्नुपर्छ । सम्बन्धित कार्यालयलाई जिम्मेवार बनाइ वार्षिक कार्यक्रममा परेका आयोजनामा कार्यालयभित्र रकमान्तर/स्रोतान्तर गर्ने सक्ने गरी कानुनी व्यवस्था मिलाउनुपर्छ । सकेसम्म बहुवर्षीय आयोजनामात्र सञ्चालन गर्नुपर्छ । आयोजनाहरूको सम्भाव्यता अध्ययन सकेर मात्र ठेक्का प्रक्रियामा जाने व्यवस्था मिलाउनु पर्छ । साथै क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनुपर्छ । निर्माण सामग्री परीक्षण प्रयोगशाला आवश्यक सम्पूर्ण उपकरण र जन शक्तिसहित प्रत्येक कार्यालयहरूमा स्थापना गर्नुपर्छ । अनुगमन र मूल्यांकन मन्त्रालय/निर्देशनालयबाट कम अन्तरालमै गर्नुपर्छ । ताकि पृष्ठपोषणबाट समयमा नै त्रुटि सुधार गर्न सकियोस् । निर्माण व्यवसायी र कार्यालयको सुपरभिजन गर्ने कर्मचारीहरू कार्यालयमा पर्याप्त राखिनुपर्छ ।*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पिटल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : सामाजिक क्षेत्रमा सफलता मिल्ने छ । लक्ष्मी प्रसन्न हुने योगछ ।
**वृष** : स्वास्थ्यमा खर्च बढ्नेछ । यात्रामा मालसामान हराउन सक्छ ।
**मिथुन** : वाक्चतुर्याईले संकल्प सिद्ध हुनेछ । विभिन्न अवसर जुराउनेछ ।
**कर्कट** : घरमा अतिथीको आगमन हुनेछ । भूमिबाट लाभ मिल्ला ।
**सिंह** : मित्रबाट विशेष सहयोग मिल्नेछ । लाभदायक यात्रापनि होला ।
**कन्या** : घरमा अतिथीको आगमन हुने छ । संगीतमा रुचिपनि बढ्नेछ ।
**तुला** : आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्नेछ । प्रेम सम्बन्ध कसिलो हुनेछ ।
**वृश्चिक** : व्यापार व्यवसायमा सफलता मिल्नेछ । लाभदायक यात्रा हुनेछ ।
**धनु** : न्यायिक कार्यमा सफलता मिल्ने छ । व्यापारमा धन लाभ हुनेछ ।
**मकर** : सांस्कृतिक क्षेत्रमा रुची बढ्ने छ । शुभारम्भको चर्चा चल्नेछ ।
**कुम्भ** : रोकिएका आधुरा काम पुनः सुचारु हुनसक्छ । कार्यको चर्चा चल्नेछ ।
**मीन** : सहकर्मीबाट विरोध आउला । नियमित खर्चसमेत बढ्ने योग रहेको छ ।

# विज्ञान/सूचना प्रविधि

## 'किताबविना पनि सिक्न सकिन्छ'



कसैसँग रिमोट, कसैसँग रोबोट । कोही कम्प्युटरमा सुन्दर डिजाइन कोर्दैछन् । कोहीचाहिँ व्यक्तित्व विकासको सीप लिँदै गरेका भेटिन्थे । जे होस्, कसैका हातमा किताब छैनन्, कसैसँग पनि किताबका गह्रुङ्गा झोला छैनन् । सधैँ झोलाभरी किताब र कापी बोकेर थकित पोखरा २६ का विद्यार्थी पछिल्लो ४५ दिनदेखि विना पुस्तक व्यवहारिक ज्ञान लिन व्यस्त छन् । बिहीबार तालिममा सहभागी विद्यार्थीले तयार पारेको रिमोट कन्ट्रोल सिजर रोबोटबाट रिबन काटेर तालिम समापन कार्यक्रमको उद्घाटन भयो । त्यसपछि अनुसन्धानकर्ता डा.सन्तोष कोइरालाले डिजिटल बजारमा आवश्यक जनशक्तिको अभाव रहेकोमा विद्यार्थीको ध्यानाकर्षण गराउँदै विज्ञान प्रविधिमा अभ्यस्त हुन विद्यार्थीहरूलाई अह्राए । 'अहिले अवसर छ । यो पुस्ता प्रविधिसँग जोडिएको पनि छ । प्रविधि सिक्न पहिलेजस्तो पुस्तकको मात्रै भर पर्नुपर्ने बाध्यता पनि छैन,फ उनले भने,' सिक्न चाहनेले जुनसुकै विधिबाट सिक्न सक्छन् । फेरि डिजिटल आधारित सीपले बेरोजगार रहन पर्दैन ।' दैनिक झैँ पुस्तक बोकेर विद्यालय जाने विद्यार्थीहरू एक दिन भए पनि मुक्त हुँदा अनुहारमा नयाँ उत्साह त छँदै छ, पुस्तकविना पनि सिक्न सकिन्छ भन्ने उदाहरण बनेका छन् । वडाले सञ्चालन गरेको 'बुक फ्री डे' अवधारणाअन्तर्गत उनीहरूले किताबी ज्ञानको सट्टा प्रविधिका सीप सिक्न तल्लीन भएका हुन् । २६ नम्बर वडाले आयोजना गरेको डिजिटल प्रविधिमा आधारित ४५ दिने तालिम बिहीबार सकियो । त्यस अवसरमा विद्यार्थीहरूले आफैँले तयार पारेका रोबोटिक्स प्रोजेक्ट, ग्राफिक्स डिजाइन र छोटो डकुमेन्ट्री सार्वजनिक गरेर सिकेका व्यवहारिक सीप प्रस्तुत गरे । कार्यक्रममा गण्डकी विश्वविद्यालयका डिन डा. कपिल अधिकारीले प्रविधिसँगै सामाजिक शिक्षामा स्थानीय सरकारले जोड दिनु पर्ने बताए । 'पछिल्लो पुस्ता प्रश्न सोध्ने भन्दा पनि मौन रहने र समस्याबाट भाग्ने प्रवृत्तिका छन्,उनले भने, 'समस्यासँग जुध्ने भन्दा पनि भाग्ने प्रकृतिले युवापुस्ता पलायन हुँदै गएको छ । त्यसविरूद्ध जुध्नुपर्छ ।' तालिममा सहभागी विद्यार्थीले पोखरा विश्वविद्यालयले आयोजना गरेको प्रविधि प्रतिस्पर्धामा स्मार्ट कृषि र स्मार्ट डस्टबिन परियोजनामार्फत दोस्रो र तेस्रो स्थान जितेका छन् । उनीहरूलाई वडाध्यक्षले विशेष सम्मान गरेका थिए । तालिममा भिडियो सम्पादनमा ३१, ग्राफिक्स डिजाइनमा ४५, रोवटिक्समा २९ र व्यक्तित्व विकासको तालिममा १८ जना सहभागी थिए । अध्यक्ष नरेन्द्र थापाले प्रविधिले युवा र देशलाई परिवर्तन गर्ने भन्दै वडालाई प्रविधि मैत्री बनाउने गरी योजना सुरु गरिएको बताए । 'युवाहरू प्रविधिको माध्यमबाट आत्मनिर्भर हुन सकुन् भनेर यो योजना सुरु गरिएको हो,उनले भने, 'आजको युग प्रविधिको मुट्ठीमा छ । त्यसलाई हाम्रा युवाले पनि खोल्न सक्नुपर्छ ।

प्रविधिको व्यवहारिक सिकाइबाट रोजगारीमा जोडिनुपर्छ ।फ उनले आफ्ना वडाका विद्यार्थीलाई समेत अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउने उद्देश्यले कार्यक्रममार्फत जोडेको सुनाए । युवा वैज्ञानिक विकल्प ढुङ्गानाले सीप सिक्ने भन्दा पनि त्यसको निरन्तरता ठुलो हुने बताए । 'सामान्य अभ्यास गर्नेले होइन, निरन्तरता दिनेले मात्र परिणाम ल्याउँछ,उनले भने, तपाईँहरूको पनि निरन्तरता रहने विश्वास छ ।'

*-रातोपाटी डटकम*

## रियल मी १४ टी ५ जी र १४ ५ जी नेपाली बजारमा




नेपाली स्मार्टफोन बजारमा प्रविधिको नयाँ अध्याय सुरू गर्दै रियल मीले रियल मी १४ सिरिजको सार्वजनिक गरेको छ । प्राविधिक उत्कृष्टता, स्टाइल र गेमिङ क्षमताको अभूतपूर्व संयोजन भएको यस सिरिजमा रियल मी १४ टी ५जी र १४ ५जी जस्ता शक्तिशाली स्मार्ट फोनहरू समावेश छन् । रियलमीको यो नयाँ सिरिज आधुनिक प्रयोगकर्ताको आवश्यकता र चाहनालाई ध्यानमा राखी डिजाइन गरिएको हो, जसमा उच्च प्रदर्शन, गेमिङ-मैत्री विशेषता, उन्नत क्यामेरा प्रणाली र फास्ट चार्जिङ जस्ता सुविधाहरू समावेश रहेका छन् । रियलमी १४ टी फाइभजीका विशेषता: रियलमी १४ फाइभजीमा स्नापड्रागन ६ जेन ४ फाइभजी चिपसेट, एडभान्स बायोनिक कुलिङ सिस्टम र ६००० एमएएच टाइटन ब्याट्री समावेश छ । जसमा १२० हर्जको एमोलेड ई-स्पोर्ट्स डिस्प्ले, उत्कृष्ट कनेक्टिभिटीका लागि एन्टेना एरे म्याट्रिक्स २.०एफ, स्मार्ट एआई फिचरका साथै आइपी ६६, आइपी ६८/आइपी ६९ प्रमाणित मजबुत डिजाइन छ । स्लिम र प्रिमियम डिजाइन रहेको यस फोनले आकर्षक रूप र सजिलो ह्यान्डलिङ अनुभव प्रदान गर्नेछ । एआई आधारित क्यामरा: सामाजिक सञ्जालका लागि उत्कृष्ट फोटो/भिडिओ अनुभव । ५जी ड्युल सिम सपोर्ट: यसमा भविष्यमैत्री कनेक्टिभिटी टेक्नोलोजी रहेको छ । रियल मी १४ ५जीका विशेषताहरू: ६.७२ इन्चको ठूलो एफएचडी+ डिस्प्ले १२० हर्जको उच्च रिफ्रेस रेट जसले स्क्रोलिङ स्मुथ हुन्छ । यसमा २००० निट्ससम्मको पिक ब्राइटनेस छ जसले उज्यालो घाममा पनि सजिलै देखिन्छ। यो फोनमा स्नापड्रागन आर ६ जेन ४ फाइभजी चिपसेट छ। इो शक्तिशाली प्रदर्शन र प्रभावकारी मल्टीटास्किङका लागि सक्षम छ ।

**अन्य विशेषता :** ६००० एएमएचको ठूलो ब्याट्री,४५ वाट/सुपरभोक फास्ट चार्जिङ सपोर्ट छोटो समयमा चार्ज, लामो समय प्रयोग ५० एमपी मुख्य क्यामेरा ए आइसपोर्टसहित स्पष्ट र आकर्षक तस्बिरहरू ८ एमपी फ्रन्ट क्यामेरा- सेल्फी र भिडियो कलका लागि उपयुक्त अल्ट्रा स्लिम बडी (७.८९ एमएम) हल्का तौल १९० ग्राम आकर्षक र प्रिमियम फिनिश डिजाइन १२ जिबी र्‍याम+२५६ जिबी स्टोरेज डाइनामिक र्‍याम एक्सपान्सन मार्फत थप २१ जिबीसम्म विस्तार गर्न सकिने स्टोरेज विस्तारको लागि इक्रो एसडी कार्ड सपोर्ट साइड ( माउन्टेड फिङ्गरप्रिन्ट स्क्यानर एआई एआई फेस अनलक सपोर्ट

**डुअल सिम सपोर्ट**

एन्ड्रोइड १४ मा आधारित यो फोनमा ३.५ एमएम हेडफोन ज्याक र युएसबी टाइप-सी पोर्ट रियलमी १४ सिरिजको अग्रिम बुकिङ सुरू भइसकेको छ भने पहिलो बिक्री पनि चाँडै सुरू हुने कम्पनीको भनाइ छ । रियलमी १४ सिरिज अब नेपालभरका आधिकारिक स्टोरहरू तथा अनलाइन डिजिटल पार्टनरहरू मार्फत उपलब्ध छ ।

*-सेतोपाटी डटकम*

## च्याट जीपीटीको एउटा जवाफमा कति ऊर्जा खपत हुन्छ ?




संसारभर कृत्रिम बुद्धिमत्ता अर्थात् एआईमा आधारित च्याट जीपीटीजस्ता च्याटबोटहरूको प्रयोग व्यापक मात्रामा हुन थालेको छ । विद्यालय र कार्यालयदेखि अनुसन्धान, पत्रकारिता, न्याय र प्रशासनसम्म एआई प्लाटफर्महरुको पहुँच फैलिसकेको छ । यसैबीच एआईको व्यापकतासँगै एउटा महत्त्वपूर्ण प्रश्न उठिरहेको छ । आखिर यस्ता च्याटबोटहरू चलाउँदा वास्तवमा कति ऊर्जा तथा प्राकृतिक स्रोत खर्च हुन्छ त ? च्याट जीपीटी निर्माता कम्पनी ओपन एआईका सीईओ स्याम अल्टम्यानले हालै एएटा रोचक तथ्य सार्वजनिक गरे । उनका अनुसार च्याट जीपीटीलाई प्रयोगकर्ताद्वारा सोधिएको एउटा साधारण प्रश्नको जवाफ दिनका लागि करिब ०.३४ वाट-घण्टा बिजुली र ०.००००८५ ग्यालन पानी खर्च हुने गर्दछ । यो बिजुली भनेको एउटा उच्च दक्षताको एलईडी बल्बलाई केही मिनेटका लागि बाल्न पुग्ने ऊर्जा हो । त्यस्तै पानीको सो परिमाण चाहिँ एक चम्चाको पन्ध्रौं भाग हो । यद्यपि, च्याट जीपीटीलाई सोधिने प्रश्नको जटिलता र उत्तरको लम्बाइको अनुपातमा ऊर्जा खपतको परिमाण पनि बढ्छ । १० हजार टोकनको उत्तर दिने प्रक्रियामा २.५ वाट घण्टा र एक लाख टोकनमा ४० वाट घण्टा ऊर्जा खर्च हुने देखिएको छ । लागत १५० गुणा घट्यो, ऊर्जा दक्षतामा तीव्र वृद्धि सन् २०२३ को जनवरीमा जारी भएको जीपीटी-३.५ संस्करणदेखि हालको जीपीटी-४ सम्म आइपुग्दा च्याट जीपीटीको प्रति उत्तर ऊर्जा खपतमा १५० गुणा कमी आएको छ । एआईको मूल्य अन्तत: बिजुलीको मूल्य बराबरमा सीमित हुने ओपन एआईका सीईओ अल्टम्यान बताउँछन् । तथर्स भविष्यमा एआई सेवा पुर्‍याउने खर्च झनै सस्तो र सर्वसुलभ बन्नेछ ।

**डेटा सेन्टरहरू परमाणु र सौर्य ऊर्जातर्फ ढल्किँदै :** एआई सेवा सञ्चालनको मूल केन्द्र डेटा सेन्टरहरू हुन्, जहाँ प्रशस्त बिजुली र पानी आवश्यक हुन्छ । माइक्रोसफ्टले अमेरिकाको थ्री माइल आइल्यान्ड न्यूक्लियर ऊर्जा प्लान्ट २० वर्षसम्म प्रयोग गर्न सहमति जनाएको छ, जुन पहिले बन्द भएको थियो । त्यस्तै, गुगलले प्बष्चयक एयधभच सँग मिलेर तीनवटा साना परमाणु रिएक्टर निर्माण गर्दैछ, जसले २०३५ सम्म ५०० मेगावाट ऊर्जा आपूर्ति गर्नेछ । यी पहलकदमीहरू एआईको ऊर्जा आवश्यकता पूर्तिका लागि सस्तो, स्वच्छ र दीर्घकालीन विकल्पका रूपमा प्रस्तुत भइरहेका छन् ।

**स्मार्ट प्रविधि तर भारी उत्सर्जन :** फिनान्सियल टाइम्समा प्रकाशित समाचार अनुसार वर्तमान समयमा विश्वमा हुने कूल कार्वन उत्सर्जनमा एआई डाटा सेन्टरहरूबाट हुने उत्सर्जनको हिस्सा ३ प्रतिशत रहेको छ । यदि ऊर्जा दक्षता र नवीकरणीय ऊर्जा संयोजनमा जोड नदिए यो परिमाण भविष्यमै अझै बढ्नेछ । एआईका प्रयोगकर्ताहरु विश्वमा ज्यामितीय रुपमा बढिरहेको अवस्थामा यसको आकर्षणले कुल ऊर्जा खपत र जल स्रोत उपयोगको दर पनि तीव्र गतिमा बढ्नेछ । त्यसैले स्मार्ट प्रविधिसँग पर्यावरणीय विनाश तथा उत्सर्जनमा बढावा हुने देखिन्छ ।

**नीति निर्माण र पारदर्शिता : अबको प्राथमिकता :** प्रविधिको यो तीव्र विकाससँगै सरकार, नियामक संस्था, र वातावरणविद्हरुको जिम्मेवारी पनि उत्तिकै बढेको छ । कुन एआई मोडेलले कति ऊर्जा खर्च गर्छ ? हरेक प्रश्नको जवाफबाट वातावरणमा कति असर गर्छ ? भन्नेजस्ता सवालको पारदर्शी उत्तर दिन नीतिगत रूपमा बाध्यकारी मापदण्ड र मापन प्रणाली आवश्यक छ ।

अहिलेका लागि प्रयोगकर्ताहरूलाई सजग गराउन जीपीटी फुटप्रिन्ट जस्ता टुलहरू उपलब्ध छन्, जसले ऊर्जा खपत र पानी प्रयोगको तथ्यांक राख्न सहयोग पुर्‍याउँछन् । वास्तवमा च्याट जस्ता एआई च्याटबोटहरूले शिक्षा, प्रशासन, सञ्चार र विज्ञानमा क्रान्ति ल्याइरहेका छन् । तर यी च्याटबोटले दिने प्रत्येक जवाफका पछाडि लुकेको ऊर्जा खपतलाई बेवास्ता गर्नु असावधानी हुनेछ । त्यसैले स्मार्ट प्रविधिको प्रयोगसँगै स्मार्ट ऊर्जा रणनीति, नवीकरणीय स्रोतहरूमा लगानी र वातावरणीय प्रभावको पारदर्शिताको विषय सर्वाधिक गहन विषय हो ।

*-अनलाइन खबर डटकम*


**Tribhuvan Multiple Campus**
**Tansen, Palpa**

**Invitation for Sealed Quotation**

**Date of First Publication:17-06-2025**
**Sealed Quotation No:TMC/PLP/W/SQ/01/2081-082**

The Tribhuvan Multiple Campus invites sealed quotations from registered contractors for the construction of Water tank and Toilet. Tribhuvan Multiple CampusTansen Palpa The Estimated amount for the works is (in NRs.):1710426.94(Exclusive of VAT and Contingencies) Eligible Bidders may obtain further information and inspect the Sealed quotation Forms at the office of Tribhuvan Multiple Campus Tansen Palpa or by reaching out to them at Telephone 075520114 or by dropping a mail at **Tribhuvanmc@gmail.com.** Sealed Quotation Forms may be purchased by eligible Bidders on the submission of a written application and upon payment of a non-refundable fee of 1000.0 NRs. Bidder shall deposit the cost of the bidding document in the account specified.

**Name of the Office : Tribhuvan Multiple Campus**
**Office Account no : 0415700551692016**

Sealed bids must be Purchase to the above office by hand on or before 01- 07-2025 5:00 hours. Bids received after this deadline will be rejected. Sealed bids must be submitted to the above office by hand on or before 02-07-2025 12:00 hours. Bids received after this deadline will be rejected. Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at 02-07-2025 14:00 hours at the office of Tribhuvan Multiple Campus, Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **NRs.50000.00** which shall be valid for 30 days beyond the validity period of the bid i.e. 75 days. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Campus Chief**
**Tribhuvan Multiple Campus**
**Tansen Palpa**

# आज विश्व खडेरीविरुद्धको संघर्ष दिवस




**पाल्पा,** असार २ /विश्व मरुभूमीकरण तथा खडेरीविरुद्धको संघर्ष दिवस आज विभिन्न कार्यक्रम गरी मनाईंदैछ । बढ्दो मरुभूमीकरण र खडेरीविरुद्ध विश्व समूदायमा जनचेतना फैलाउन र ऐक्यवद्धता कायम गर्नका लागि सन् १९९५ देखि हरेक वर्ष जुन १७ का दिन विश्वभर यो दिवस मनाउने गरिएको हो ।

यो दिवसले खाद्य सुरक्षादेखि वातावरणीय मुद्दा, भू-संरक्षणलगायत विभिन्न विषयमा विश्व समुदायमाझ निरन्तर सन्देश प्रवाह गर्दै आएको छ । जमिनको खण्डीकरण र मानवीय व्यवहारका कारण जलवायु परिवर्तनलाई सहयोग पुगेको छ भने, त्यसको असर प्रकृतिक सम्पदा तथा मानव समुदायमा पर्न थालेको छ । बढ्दो वातावरण विनाश, औद्योगीकरण तथा कार्बन उत्सर्जनको बढ्दो चुनौतीका कारण विश्वमा मनसुनी असन्तुलन बढेको छ । जसका कारण कतै लगातार र भीषण वर्षा हुने गरेको छ भने कतै महिना दिनसम्म पनि पानी नपर्दा खडेरीको अवस्था सिर्जना हुँदै गएको छ । खडेरीको यही समस्याका कारण आज विश्वभरिका ९० करोड मानिस कुनै न कुनै खाद्य सङ्कटको सामना गर्न बाध्य भइरहेका छन् । खडेरी या मरुभूमि करण भौगोलिक परिस्थिति अनुसार पनि हुने गरेको छ । खडेरीलाई प्राकृतिक असरका रुपमा पनि व्याख्या गर्ने गरिएको छ । स्थानीय मौसममा फेरबदल हुँदा भूमिको उत्पादक क्षमता घटेर उर्वर भूमि क्रमशः अनुत्पादक हुन थालेका छन् । संयुक्त राष्ट्र संघको दिगो विकासको लक्ष्यका पुरा गर्नका लागि पनि यो दिवस महत्वपूर्ण मानिएको छ । मानव जनसंख्याको वृद्धिसँगै पछिल्ला शताब्दीमा भूमिको वितरण, विभाजन अनि उपयोग वास्तवमै दु:खदायी तवरले भएको विश्व मानचित्रका लगभग सबै देशहरू खडेरी र मरुभूमी करणको ढिलो-चाँडो जोखिममा छन् । नेपालमा त झन् हामीलाई मलिलो उर्वर खेतबारी भन्दा कङ्क्रिटको जंगल ठ्याउन घडेरीको मोहमा वृद्धि हुन थालेको छ ।

## खेलकुद समाचार

### जर्मेनले एट्लेटिको म्याड्रिडलाई हरायो



**काठमाडौं,** असार २/ फिफा क्लब विश्वकपमा युरोपेली च्याम्पियन पेरिस सेन्ट जर्मेनले एट्लेटिको म्याड्रिडलाई हराएको छ । क्लब विश्वकपअन्तर्गत समूह 'बी' को खेलमा फ्रान्सेली टोली पेरिस सेन्ट जर्मेनले स्पेनिस क्लब एट्लेटिको म्याड्रिडलाई ४-० ले पराजित गरेको हो । यसअघि आज बिहान सम्पन्न समूह 'ए' को खेलमा पोर्चुगलको एफसी पोर्टो र ब्राजिलको पाल्मेरसले गोलरहित बराबरी खेल्दै अङ्क बाँडे । यस समूहमा हिजो इन्टर मायमी र अल आहली पनि गोलरहित बराबरी खेलेका थिए । समूह 'बी' अन्तर्गत सोमबार ब्राजिलको बोटाफोगो र क्यानडाको सिआटल साउन्डर्सबीच खेल हुँदैछ । टिमको जितको आधार तय गरे । चौथो दिन २१३-२ को अवस्थाबाट खेल सुरु गरेको दक्षिण अफ्रिकाले यसबीचमा ३ विकेट गुमायो ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्सेमा सुधार

**पाल्पा,** असार २/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको सुधार देखिएको छ । सोमबार नेप्से परिसूचक दुई दशमलव ८० अङ्कले बढेर दुई हजार छ सय ५८ दशमलव ६६ विन्दुमा कायम भएको हो ।

अघिल्लो दिनको तुलनामा ० दशमलव १० विन्दुले सकारात्मक बनेपछि समग्र नेप्से उकालो लागेको छ । आइतबार झिनो अंकले बढेको नेप्सेमा सोमबार झिनो अंकको सुधार देखिएको हो । सो दिन कारोबारमा आएकामध्ये १२४ कम्पनीको सेयर मूल्य बढ्यो भने १ सय २४ वटाको घट्यो । सोमबार १ लाख ५ हजार ६ सय ३५ पटकको सेयर कारोबारमा ३ करोड ३६ लाख ३७ हजार ९ सय ६६ कित्ता सेयर किनबेच भए । ती किनबेचमा १३ अर्ब १८ करोड ६९ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको छ । अघिल्लो दिनको तुलनामा कारोबार रकम बढेको हो । आइतबार ११ अर्ब ४४ करोड ३२ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको छ । सोमबार कारोबारमा आएका १३ उपसमूहमध्ये वित्त कम्पनी, जलविद्युत्, लगानी, उत्पादन तथा प्रशोधन र अन्यको परिसूचक घट्यो । बाँकी उपसमूहको परिसूचक घटेको नेप्सेले जनाएको छ । होटल तथा पर्यटन समूहको ४ दशमलव ६९ प्रतिशत बढेको छ । २ वटा कम्पनी सकारात्मक सर्किट लेबलमा कारोबार भएका छन् । बैंकिङ, विकास बैंक, लाइभ इन्स्योरेन्स, माइक्रोफाइनान्स, मेचुअल फन्ड, नन लाइभ इन्स्योरेन्स र ट्रेडिङ समूहको उपसूचक बढेको छ ।

फाइनान्स, हाइड्रोपावर, इनभेस्टमेन्ट, म्यानुयाक्चरिङ र अदर समूहको उपसूचक घटेका छन् । कारोबार रकमका आधारमा सानिमा माई हाइड्रोपावर अग्रस्थानमा आएको छ । यस कम्पनीको ९५ करोड १६ लाख रुपैयाँ भन्दा बढीको सेयर कारोबार भएको छ । कारोबार रकममा आधारमा डादी ग्रुप पावर दोस्रो र बुटवल पावर कम्पनी तेस्रो स्थानमा छन् ।


## हार्दिक बधाई तथा शुभकामना


अध्यक्ष


सचिव

**हाम्रा शुभेच्छुक/मित्र, कालिगण्डकी कोरिडोर (गैंडाकोट-राम्दी-मालढुङ्गा) सडक योजना कार्यालयमा नायव सुब्बा पदमा कार्यरत ओमप्रकाश न्यौपाने नेपाल निजामती कर्मचारी युनियन पाल्पाको ९ औं जिल्ला अधिवेशनबाट अध्यक्ष र सचिवमा हरीबहादुर थापा निर्विरोध निर्वाचित हुनुभएकोमा उहाँहरुसहित उपाध्यक्षहरुमा भगवती केसी, पुजा परियार, सहसचिव हुमबहादुर कुंवर, कोषाध्यक्षमा जीवन बस्याल, सदस्यहरुमा भिमसेन नेपाल, पशुपति न्यौपाने, सन्तोष दहाल, मधु पाण्डे, गंगा भण्डारी, संगीता दुधराज, विपना राना, जितकुमारी ढेंगा, पंकज रायमाझी, प्रकाश केसी, कृष्णबहादुर थापा, रेश्मीराज न्यौपाने, भोजराज अधिकारी निर्विरोध निर्वाचित हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।**

प्रो.किशोर भट्टराई

**कान्तिपुर स्टेशनरी**

तानसेन, पाल्पा


# कृषि, उद्योग...

...यस्तै 'घरदैलोमा प्राविधिक सेवा, व्यावसायिक कृषिजन्य उत्पादनमा टेवा' भन्ने मान्यतालाई आत्मसाथ गर्दै एक हजार ५ सय व्यावसायिक कृषको फर्ममा पुगी घुम्ती सेवा, पशु स्वास्थ्य सेवा, प्राविधिक परामर्श तथा उपचार विशेषज्ञ सेवा उपलब्ध गराउन एक करोड १७ लाख विनियोजन भएको छ । यस्तै प्रदेश सरकारले उद्योग क्षेत्रका लागि १ अर्ब ९० करोड बजेट छुट्याएको छ । युवाहरुलाई रोजगारीको अवसर दिलाउन तथा स्वरोजगार बनाउन प्रशिक्षणसहितको सीप विकास र प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालनका लागि ४ करोड ६५ करोड विनियोजन गरिएको छ । बजेटले कृषि, उद्योगबाहेक पर्यटन क्षेत्रलाई पनि महत्व दिएको छ । पर्यटकीय क्षेत्रमा पूर्वाधार विकासमा निजी क्षेत्रसँग सहकार्यको नीति लिने बजेटमा भनिएको छ । यसैगरी पर्यटन प्रवर्द्धनका लागि तराईमा रमाउने, पहाडमा घमाउने र हिमाल चढाउने गरी बजेट छुट्याइएको छ । उद्योगको विकास तथा यातायात क्षेत्रलाई व्यवस्थित बनाउन बजेट छुट्याइएको छ । बुद्धजन्मस्थल लुम्बिनीमा प्रदेश सरकारको उपस्थिति देखाउन 'लुम्बिनी विकास प्राधिकरण' गठन प्रक्रिया अगाडि बढाइनेछ । 'लुम्बिनीमा पाइला टेकौं' भन्ने नाराका साथ अन्तर्राष्ट्रिय बौद्ध शिखर सम्मेलन आयोजना गरिनेछ । पाल्पाको रानीमहल, गुल्मीको रेसुङ्गा, रुपन्देहीको जितगढी तथा नुवाकोटगढी, बाँकेको बागेश्वरी, दाङको छिल्लीकोट, बर्दियाको ठाकुर बाबा, प्युठानको स्वर्गद्धारी, अर्घाखाँचीको पाणिनी र सुपादेउराली, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को बर्दगोरिया, पाल्ही भगवती, रोल्पाको जलजला, कपिलवस्तुको जगदीशपुर ताल एव शिवगढी, रुकुम (पूर्वी भाग) को मैकोट लगायतका महत्वपूर्ण धार्मिक, ऐतिहासिक तथा प्राकृतिक स्थलहरुको संरक्षण गरी पर्यटन प्रवर्द्धन गर्ने पनि बजेटमा उल्लेख छ ।

# गुल्मीमा कफीका...

...यस पटक पनि गुल्मीसहित अर्घाखाँची, कास्की, स्याङ्जा, लमजुङ, धादिङलगायत ४० भन्दा बढी जिल्लाबाट कफीका बिरुवाको माग हुँदै आएको कार्यालयले जनाएको छ । कफीका बिरुवाको माग धेरै भए पनि आवश्यक स्रोत र जनशक्तिको अभावका कारण मागअनुसार केन्द्रले बिरुवा उत्पादन गर्न सकिरहेको छैन । मुसिकोट नगरपालिका- ५ अन्तर्गत आँपचौरमा रहेको कफी विकास केन्द्र नेपाल सरकारको सैंय बागवानी तथा राष्ट्रिय बीउ बेर्नाको स्रोत केन्द्र पनि हो । तत्कालीन राजा वीरेन्द्रले २०४१ सालमा आँपचौरमा कफी विकास केन्द्र स्थापना गरेसँगै गुल्मीमा व्यावसायिक रुपमा कफीखेती गर्न सुरु गरिएको थियो । कफी विकास केन्द्रमा प्रतिबिरुवा अहिले ४० रुपैयाँमा बिक्री हुँदै आएको छ । कफी विकास केन्द्रले बगैंचा व्यवस्थापन, बीउ उमार्ने, टिप्ने र प्रशोधन गर्ने लगायतका काम गर्दै आएको छ । यसका लागि कफी उत्पादन हुने समयमा ४० देखि ५० जना व्यक्तिले अस्थायी रुपमा रोजगारी पाउने गरेका छन् । केन्द्रमा कफी पल्पिङ मेसिन, कफी हलर मेसिन, कफी ड्रयार, रोस्टर मेसिन र कफी स्प्रे सो मेसिन समेत उपलब्ध छ । कफी बगैंचा स्थापना गर्नका लागि केन्द्रले आँपचौरमा अहिले १८४ रोपनी जग्गा खरिद गरेको छ । उक्त बगैंचामा यतिबेला १२ हजार कफीका बिरुवा लगाई सकिएको कार्यालय प्रमुख आचार्यले बताए । कफीको जननी जिल्ला गुल्मीको आँपचौरमा कफी बगैंचा विस्तार गर्ने उद्देश्यले अहिले छ वटा नर्सरीमा ६० हजार कफीका बिरुवा रोपण गरिएको छ ।पछिल्लो समयमा किसानलाई कफीमा लाग्ने सेतो गबारो मुख्य समस्या बन्दै गइरहेको छ । सेतो गबारोका कारण जिल्लामा १५ प्रतिशत कफीका बोट नष्ट हुने अवस्थामा रहेका छन् ।जिल्लामा कफीखेतीमा कृषकको आकर्षण बढे पनि समय समयमा कफीमा देखिने सेतो गबारो, ढुसी, डढुवा आदिका कारण कफीका बोटहरूमा क्षति पुग्ने गरेको किसानहरूको गुनासो छ । गुल्मीमा अहिले करिब ३०० हेक्टर क्षेत्रफलमा कफीखेती गरिँदै आएको छ ।गुल्मीमा कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजना, कफी विकास केन्द्र आँपचौर, कफी अनुसन्धान केन्द्र भण्डारीडाँडालगायत स्थानीयतहले कफीको क्षेत्रमा काम गर्दै आइरहेका छन् । -रासस


## सूचना ! सूचना !! सूचना !!!

*प्रकाशित मिति : २०८२/०३/०२*

कम्पनी ऐन, २०६३ बमोजिम यस कम्पनी दर्शन केवल टि.भी. नेटवर्कको नाम र कम्पनी दर्ता नं.४५६४२/०६३/०६४ रजिष्टारको कार्यालय, काठमाडौंमा दर्ता भई सञ्चालनमा रहेकोमा हाल सो कम्पनीलाई खारेज गर्न लागिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ । यस सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र कसैलाई सो कम्पनी खारेज नगर्नु पर्ने कुनै कानुनी कारण, दाबी वा आपत्ति भएमा आवश्यक कागजातसहित लिखित रूपमा कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा निवेदन दिनुहुन सबै सरोकारवालाहरुलाई यो सूचनामार्फत जानकारी गराइन्छ । तोकेको समयावधिभित्र कुनै आपत्ति नपरेमा सो कम्पनी कानुनी प्रक्रियाअनुसार खारेज गरिनेछ ।

**दर्शन केवल टि.भी.नेटवर्क**

**कम्पनीको मुख्य कार्यालय**

**रामपुर-६ विजयपुर, पाल्पा**

**(साविक रामपुर गाविस- १ बिजयपुर)**



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई